नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(........................................ शाखा)

सिंहदरबार, काठमाण्डौ

प.सं. :

च.नं. :

## प्रेस विज्ञप्ति

मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको दिनलाई स्मरण गर्दै ७३ औं मानव अधिकार दिवसको अवसरमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले मानव अधिकारको संरक्षण तथा सम्बर्द्धनमा सबै क्षेत्रको सहयोग र समन्वयको अपेक्षा गर्दै यस कार्यमा हामी सबैलाई सफलता मिलोस् भन्ने कामना गर्दछ ।

नेपाल सरकारले मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको उपलक्ष्यमा मानव अधिकारको क्षेत्रमा काम गर्ने व्यक्ति र संस्थालाई कदर गर्ने उद्देश्यले मानव अधिकार पुरस्कार कोष स्थापना गर्ने निर्णय गरेको थियो । सोही निर्णय बमोजिम यस वर्ष देखि मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धनमा उल्लेखनीय योगदान पुऱ्याउने एकजना व्यक्ति र एउटा संस्थालाई नेपाल सरकारले मानव अधिकार पुरस्कार प्रदान गर्न सार्वजनिक सूचना आव्हान गरेकोमा यस वर्ष व्यक्ति तर्फ श्री शैलेन्द्र प्रसाद हरिजन (शुद्धोधन गाउँपालिका-६, कपिलवस्तु) लाई उहाँले तराइका विभिन्न जिल्लामा कार्यरत रहेर दलित, अल्पसंख्यक, बालबालिका, बहिष्करणमा परेका समुदायको हितमा गरेको कार्य, सामाजिक विभेद, कुरीति (छुवाछुत, दाइजो, बोक्सी) हटाउन गरेको योगदान, नि:शुल्क कानूनी सहायता, मानव अधिकार उल्लंघनका घटना उजागर गर्न खेलेको भूमिका लगायत मानव अधिकारको संरक्षण र सम्मानमा पुऱ्याएको योगदानका लागि यो पुरस्कार प्रदान गर्ने निर्णय गरेको छ । संस्थातर्फ श्री शक्ति समूह, काठमाडौंलाई उक्त संस्थाले गरेको मानव बेचबिखन विरुद्धको कार्य तथा पीडितको उद्धार, स्वदेश फिर्ता, सुरक्षित आवास, जीविकोपार्जनमा सहयोग लगायतका कार्य गरी महिला र बालबालिकाको मानव अधिकार संरक्षण गरी मानव अधिकारको संरक्षण र सम्मानमा पुऱ्याएको योगदानका लागि मानव अधिकार पुरस्कार प्रदान गर्ने निर्णय गरेको छ । मानव अधिकार पुरस्कारबाट सम्मानित व्यक्ति तथा संस्थालाई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय हार्दिक बधाई तथा शुभकामना प्रकट गर्दछ । नेपाल सरकारले कार्यक्रम आयोजना गरी छिट्टै यो पुरस्कार वितरण गर्नेछ।

२०७८ मंसिर २४ गते (डिसेम्बर १०, २०२१)

(फणीन्द्र गौतम)

सहसचिव एवं प्रवक्ता

फोन नं.:४-२११९८७, ४२००२२५, ४-२११६३०, ४२१११८४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७

फ्याक्स नं.: ४२११६८४